# बैठक नं. ४९

आज मिति २०७६ असार २४ गते मंगलबार दिउँसो १ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक,वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमकोउपस्थितिभयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |

निर्णय नं.१

बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयारी गरी पेश गरेको " कीर्तिपुर नगरपालिकाको विनियोजन विधेयक, २०७६"(नगर स्तरीय तथा वडा स्तरीय योजनाहरु भएको) माथि छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२

स्थानीय राजश्व परामर्श समितिबाट तयारी गरी पेश गरेको " कीर्तिपुर नगरपालिकाको आर्थिक विधेयक, २०७६ " माथि छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३

कीर्तिपुर नगरपालिकाको "कीर्तिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७६" स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णयनं.४

कीर्तिपुर नगरपालिकाको राजस्व सुधार कार्ययोजना, घरबहाल कर कार्यविधि, कर तथा गैरकर राजस्व ऐन तर्जुमा तथा आर्थिक ऐन संशोधनका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यपालिका कार्यालयसँग सम्झौता गर्ने श्री सुन्दर नेपाल संस्थाले तयार गरी मस्यौदाका रुपमा पेश गरेका तपशिलका दस्तावेज संस्थाका तर्फबाट प्रस्तुत गरी छलफल गरियो ।

- कीर्तिपुर नगरपालिकाको कर तथा गैर कर राजश्व विधेयकको मस्यौदा, २०७६
- कीर्तिपुर नगरपालिकाको राजश्व सुधार कार्ययोजना, २०७६-२०७९
- कीर्तिपुर नगरपालिकाको घर बहाल कर कार्यविधिको मस्यौदा, २०७६
- कीर्तिपुर नगरपालिकाको आर्थिक ऐन पुनराबलोकन प्रतिवेदन

उल्लेखित दस्तावेजहरुमध्ये " कीर्तिपुर नगरपालिकाको घर बहाल कर कार्यविधि, २०७६" स्वीकृत गर्ने र अन्य दस्तावेज स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णयनं.५

नगर सभाको वैठक संचालन हुँदा बैटकमा उपस्थिति हुने सदस्य र खटिने कर्मचारीहरुलाई प्रति बैठक प्रति व्यक्ति रु. २,०००/- भत्ता सम्वन्धित शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६

कीर्त्तिपुर नगरपालिकाको " विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७६"उपर छलफल गरियो र स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७

चालु आ.व.२०७५/२०७६ मा नगरकार्यपालिकाबाट, नगरप्रमुखबाट र नगरकार्यपालिका कार्यालयबाट भए गरेका सम्पूर्ण निर्णय तथा कामहरु अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.८

२०७६ असार मसान्तसम्म भुक्तानी हुने सबै योजना तथा कार्यक्रमहरुको अनुमोदन र फरफारकका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.९

आ.व. २०७६/०७७ मा नगरपालिकाको कर्मचारीहरुको तलब, भत्ता सुविधा नेपाल सरकारले तोकेको दर र स्केल बमोजिम उपलब्ध गराउने र चालु आ.व. २०७५/०७६ मा भुक्तानी भएको तलब, भत्ता सुविधा सहितको तलबी प्रतिवेदन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

महा लेखापरीक्षकको कार्यालयबाट भएको यस नगरपालिकाको आ.व २०७४/०७५ को लेखापरीक्षणप्रतिवेदनमा औंल्याईएका असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने, पेश्की र अन्य सैदान्तिक बेरुजुहरु उपर दफाबार छलफल गरी आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.११

नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूको सेवाप्रवाह सुदृढिकरण तथा व्यवस्थापनका लागि राखिएका विद्यमान स्वयंसेवकहरुलाई आगामी आ.व.२०७६/०७७ मा साविक बमोजिम कै सामाजिक परिचालकका रुपमा निरन्तरता दिने र जीवन निर्वाह भत्ता बापत प्रति व्यक्ति मासिक रू.१५,०००/- (रू.पन्ध्र हजार मात्र), चाडपर्व खर्च बापत एक महिनाको तलब र पोसाकबापत बार्षिक रु. ७,५००/- (रु. सात हजार मात्र) उपलब्ध गराउने गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका सवारी चालकहरुलाई आ.व.२०७५/०७६ मा उपलब्ध गराए सरहको दैनिक रु.२०० का दरले खाजा खर्च वापत मासिक ३० दिनको रु.६०००।- (छ हजार मात्र) आगामी आ.व. २०७६/०७७ मा समेत उपलब्ध गराउनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.१३

TSNGP कार्यक्रम अन्तर्गत विगत देखि यस नगरकार्यपालिका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृतलाई आगामी आ.व.२०७६/०७७ का लागि साविक वमोजिम निरन्तरता दिनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

## निर्णय नं.१४

यस कीर्तिपुर नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण रही नगरपालिकाको प्राथमिकतामा परेका तर न.पा.को स्रोतले मात्र कार्यान्वयन हुन नसकेका वडाबाट सिफारिस भएका तपशिलका योजना तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन गरिदिन नेपाल सरकार तथा प्रदेश सरकारमा अनुरोध गर्नेका लागि नगर सभामा पेश गर्ने  निर्णय गरियो ।

### तपशिल

| सि.न. | योजनाको नाम | योजना स्थान | कैफियत |
|---|---|---|---|
| १ | स्वीमिङ पुलदेखि सिता पेट्रोल पम्प बाटो विस्तार तथा पेटि निर्माण | वडा नं १ र १० सिमाना | |
| २ | विष्णुदेवी हस्पिटलको कम्पाउण्डमा रहेको पलपुखु संरक्षण | वडा नं १ | |
| ३ | उमामहेश्वर मन्दीर क्षेत्र प्रवर्द्धन कार्यक्रम | वडा नं २ | |
| ४ | बल्खु खोलामा ड्याम बनायी जल क्रिडा स्थल निर्माण | " | |
| ५ | दीखु शहीद पार्क निर्माण | वडा नं. ३ | |
| ६ | चम्पादेवी वनस्पती उद्यान | वडा नं. ४ | |
| ७ | चम्पादेवी पाउँदेखि सिमहुदै लनगोल पुग्ने बाटो | | |
| ८ | भाजंगल यंचो सडक विस्तार तथा फूटपाथ निर्माण | वडा नं. ५ | |
| ९ | आखाः छें निर्माण | " | |
| १० | लनगोल टोदह सडक विस्तार तथा फूटपाथ निर्माण | वडा नं. ६ | |
| ११ | ठूलो आखा पोखरि संरक्षण कार्यक्रम | " | |
| १२ | टोदह जग्गा विकास कार्यक्रम | " | |
| १३ | व्याड मिण्टन कभर्ड हल निर्माण | वडा नं. ७ | |
| १४ | विष्णुदेवी पार्क निर्माण | " | |
| १५ | वडा कार्यालय भवन निर्माण | वडा नं. ८ | ध्वाकासी |
| १६ | सुन्दर बजार चीखु बाटो विस्तार | " | |
| १७ | ध्वाखा निर्माण | वडा नं. ९ | ध्वाकासी, नयांबजार |
| १८ | ढल्पा सडक विस्तार | " | |
| १९ | लाखे ल्वहं संरक्षण | वडा नं. १० | |
| २० | नयाबजार तेस्रो लेन खोल्ने | " | |

निर्णय नं.१५

यस नगर कार्यपालिका कार्यालयको केन्द्र र वडा कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुले साविक देखि नै मासिक रुपमा १० प्रतिशत प्रोत्साहन सुविधा खाईपाई आइरहकोमा सो सुबिधा नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत दरबन्दी संरचना भित्रका  कर्मचारीलाई उपलब्ध गराउने तथा कतिपय कर्मचारीको तुलनात्मक रुपमा कार्यबोझ बढी भएकाले निजहरुलाई सम्बन्धीत शाखाको सिफारिसमा थप सुबिधा बढीमा मासिक १० प्रतिशत उपलब्ध गराउन आवश्यक निर्णयका लागि  नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

यस कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा साविकको स्वीकृत दरबन्दी भित्र रही नगरका शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय तर्फ सेवा करार अन्तर्गत कार्यरत रहँदै आएका कर्मचारीहरुको विभिन्न मितिमा भएको सेवा करार सम्झौताको अनुमोदन गर्ने र उक्त सेवा करारमा कार्यरत ब्यक्तिहरुलाई अर्को ब्यवस्था नभएसम्मका लागि सेवा करारमा निरन्तरता दिई बढीमा १ वर्षको म्याद थप गर्न सक्ने र निजहरुको कार्य सम्पादनको अवस्था हेरी सेवा करार निरन्तरता दिने वा नदिने सम्बन्धमा निर्णय गर्नका लागि  नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

यस कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको संगठन ढाँचा सम्बन्धमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद–११, प्रशासकीय सङ्गठन ढाँचा र कर्मचारी ब्यवस्था सम्बन्धी ब्यवस्था गरिएको र उक्त ऐनको दफा ८३ मा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भए पश्चात सङ्गठन तथा ब्यवस्थापन सर्भेक्षणका आधारमा सङ्गठन संरचना कायम गर्ने उल्लेख भएकोमा हाल समायोजनको कार्य समेत सकिएकाले चालू आ.व. मा कार्यालयमा कर्मचारीको तलब भत्तामा खर्च भएको रकमको अनुमोदन गर्ने तथा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गराई कार्यालयको संगठनात्मक संरचना र आवश्यक दरबन्दी संख्या यकिन गरी आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

यस कीर्तिपुर नगरपालिका क्षेत्र भित्रका गम्भीर प्रकृतिका रोग लागेका बिरामी, विपत्तीमा परेका, दुर्घटनामा परेका तर त्यस्तो अवस्थाको सामना गर्न नसक्ने ज्यादै न्यून आर्थिक अवस्था भएका व्यक्तिहरुलाई निवेदन र सम्वन्धित वडाको सिफारिस सहित पेश गरेका कागजात प्रमाणका आधारमा निश्चित रकम उपलब्ध गराउनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१९

चालु आ.व. ०७५/०७६ मा संचालनका लागि सम्झौता भएका र संचालनको प्रकृयामा रही सम्पन्न हुन नसकेका तथा वडा र नगरस्तरबाट बजेट विनियोजनको निर्णय भई विविध कारणले कार्यान्वयन वा सम्पन्न हुन नसकेका सबै योजना तथा कार्यक्रमहरुलाई सोही योजना तथा कार्यक्रमहरुमा विनियोजित रकमबाट ठेक्का वा उपभोक्ता समितिसँग संझौता भएको रकम मध्ये भुक्तानी हुन बाँकी रकम सहित अ.ल्या. गरी तपशिलका योजना र कार्यक्रमहरुलाई आगामी आ.व.मा क्रमागत रुपमा निरन्तरता दिनेका लागि नगर सभामा पेश गर्ने  निर्णय गरियो ।

नगरस्तरीय योजना

| योजनाको नाम | न.पा.बाट विनियोजित रकम | निकासा रकम | भुक्तानी दिन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| *खानेपानी तथा सरसफाई* | | | | |
| नौमुले कीर्तिपुर खानेपानी योजना : वडा नं. ६ | २९१२५९२ | | २९१२५९२ | ठेक्का |
| *संस्कृति प्रवर्द्धन* | | | | |
| उमामहेश्वर मन्दिर परिसरमा तेलिया इटा छपाई : वडा नं. २ | १२६००९७ | | १२६००९७ | ठेक्का |
| *वातावरण तथा जलाधार संरक्षण* | | | | |
| लाभा पुखु (पोखरी) सुधार तथा स्तरोन्नती : वडा नं. ३ | ५०००००० | १६५०००० | ३३५०००० | उपभोक्ता समिति |
| साईड ड्रेन निर्माण तथा आकाशे पानी संकलन : वडा नं. ३ | १५७००० | ५०००० | १०७००० | उपभोक्ता समिति |
| शहिद स्मृति पार्कमा जाली वार लगाउने : वडा नं. ३ | १४६८००० | ४८०००० | ९८८००० | उपभोक्ता समिति |
| दिईखुमा खुड्किला निर्माण : वडा नं. ३ | १५६१९१७ | | १५६१९१७ | ठेक्का |
| पूर्वाधार विकास क्षेत्र | | | | |
| विश्वराष्ट्र मा.बि. हुँदै छुगाउँ दोवाटो सम्मको बाटो विस्तार तथा स्तरोन्नती : वडा नं. ३ र ९ | १०६९०३७१ | ९४५००० | ९७४५३७१ | ठेक्का |
| साईराम चोकदेखि सिताराम डेरीसम्मको बाटोमा रिटेनिङ्ग वाल निर्माणको लागि सिमेण्ट, बालुवा र ढुङ्गा खरिद | ४५३५५७७ | | ४५३५५७७ | ठेक्का |
| हनुमानघाट - नगाउँ सडक सुधार : वडा नं. ९ | १४००००० | ९२०००० | ४८०००० | उपभोक्ता समिति |
| नगाँउ दोबाटो - भत्केपाटी  हुदै पुष्पलाल पार्क सडक सुधार कार्यक्रम : वडा नं. ४, ५ र ९ | ७०५९००० | ४७००००० | २३५९००० | उपभोक्ता समिति |
| लोकतान्त्रिक चोक - जसिंख्य सडक | ६३६८०० | २००००० | ४३६८०० | उपभोक्ता समिति |
| वसुन्धरा पाँगा मा.वि. हुदै जग्गा एकीकरण सम्मको बाटो विस्तार तथा सुधार कार्यक्रम : वडा नं. ८ | १५००००० | ५००००० | १०००००० | उपभोक्ता समिति |
| शशस्त्र चौकी चोभार : वडा नं. ६ | ३०००००० | १०००००० | २०००००० | उपभोक्ता समिति |
| वडा नं. १ र १० क्षेत्रका सडक ग्राभेलिङ्ग | १९९९३०० | | १९९९३०० | ठेक्का |
| पाँगा दोवाटो - ढोकासी : वडा नं. ८ | ६९७६८५ | | ६९७६८५ | ठेक्का |
| अमृत नगर क्षेत्रको सडकहरु : वडा नं. २ | ६९७६८५ | | ६९७६८५ | ठेक्का |
| नयाँबजार मुख्य सडक स्तर उन्नती : वडा नं. ९ | १४२९७७१ | | १४२९७७१ | ठेक्का |
| देवढोका सडक सुधार : वडा नं. २ | ५११७९५ | | ५११७९५ | ठेक्का |
| पाँगा वसुन्धारा क्षेत्रको सडक सुधार : वडा नं. ८ | १९२८४५८ | | १९२८४५८ | ठेक्का |
| पाँगा ढोकासी - चोभार गेट सडक सुधार : वडा नं. ७ र ८ | १६३०५६९ | | १६३०५६९ | ठेक्का |
| डिईखु - मभिं पुखु खानेपानी पाईप लाईन विस्तार : वडा नं. ३ | ६२६००० | २००००० | ४२६००० | उपभोक्ता समिति |

| | | | | |
|---|---|---|---|---|
| सागल, दिखु सम्मको सडक : वडा नं. ३ | ९००००० | ३००००० | ६००००० | उपभोक्ता समिति |
| जाखा - ईचाखेल - भ्कौको टोल ढल निर्माण : वडा नं. ५ | ३१८००० | १००००० | २१८००० | उपभोक्ता समिति |
| छूँगाउ - टौदह सडक (क्रमागत) : वडा नं. ९ | ६०००००० | ४०००००० | २०००००० | उपभोक्ता समिति |
| *भवन तथा शहरी विकास* | | | | |
| निर्माणाधिन नपा कार्यालय भवन (बहुवर्षिय) : वडा नं. १० | ५९१६५७६४ | २८१०८०२९ | ३१०५७७३६ | ठेक्का |
| वडा नं. १० वडा कार्यालय भवन निर्माण : वडा नं. १० | ४७५०००० | १५८०००० | ३१७०००० | उपभोक्ता समिति |
| **अन्य** | | | | |
| सवारी साधन (मो.स/स्कुटर लगायत अन्य सवारी साधन) | | | ५०००००० | ठेक्का भई स्वीकृत र सम्झौता हुननसकेको |
| एम्बुलेन्स खरिद | | | १६००००० | |
| ढल्पा सल्यानस्थान जग्गा एकीकरण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन LP-DPR तयारी वापत परामर्शदाता खर्च | | | २९७५० | परामर्शदाता |
| ढल्पा सल्यानस्थान जग्गा एकीकरण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन DPR तयार | ३०००००० | ४४७३३०२९ | ३०००००० | ठेक्का |
| **जम्मा** | १२४८३६३७९ | ४४७३३०२९ | ८६७३३१०० | |

## वडा स्तरीय योजना

| क्र.स | वडा नं | योजनाको नाम | विनियोजित रकम | निकासा रकम | भुक्तानी दिन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | बाघ भैरव मन्दिर परिसरमा तेलिया इट्टा मर्मत योजना | १५०,००० | | १५०,००० | |
| २ | २ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १४८,१८५ | १०३,७२९ | ४४,४५६ | |
| ३ | ३ | समल टयाङ्की छेउको पोखरी पुरानो शैलीमा निर्माण | २४१,८०० | ७९,७०० | १६२,१०० | |
| ४ | ३ | कुटुसाल पाटी निर्माण | ५००,००० | १६५,००० | ३३५,००० | |
| ५ | ३ | कुटुसाल सागल जाने भित्री बाटो निर्माण | ३२९,००० | १०८,५०० | २२०,५०० | |
| ६ | ४ | भगवान क्लव देखि कुम्भेश्वर महादेव जाने बाटो | १००,००० | | १००,००० | |
| ७ | ४ | बाघ भैरव स्कुलमा रहेको मन्टेश्वरी | २००,००० | | २००,००० | |
| ८ | ४ | चम्पादेवी स्वास्थ्य चौकी | ३००,००० | २००,००० | १००,००० | |
| ९ | ४ | वडा भरिका खानेपानीका मुहान सफाई | ५०,००० | | ५०,००० | |
| १० | ६ | टौदह पोखरी वाटर फाउन्टेन | ३,७५०,००० | | ३,७५०,००० | |
| ११ | ६ | आदिनाथ ऐतिहासिक सम्पदा | २५०,००० | ८२,५०० | १६७,५०० | |
| १२ | ८ | डिप बोरिङ्ग पानी टयाङ्की | ७७४,००० | | ७७४,००० | |
| १३ | ९ | नगाऊँ पटी तथा बाटो निर्माण | ५७६,७९५ | १९०,४३२.३५ | ३८६,३६३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | ९ | खाःपोखरी संरक्षण सुधार गर्ने | ५००,००० | | ५००,००० | |
| १५ | ९ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १००,००० | | १००,००० | |
| १६ | १० | शंखधर जेष्ठ नागरिक भवन | ६००,००० | १९८,००० | ४०२,००० | |
| १७ | १० | सी.सी क्यामेरा जडान | १५०,००० | | १५०,००० | |
| १८ | १० | संस्कृति प्रवर्द्धन कार्यक्रम | २००,००० | ११२,००० | ८८,००० | |
| जम्मा | | | ८,९१९,७८० | १२३९८६१.३५ | ७,६७९,९१९ | |

नगरस्तरीय तथा वडास्तरीय क्रमागत योजनाको भुक्तानी दिन बाँकी रकम रू. ९,४४,१३,०१९ /- (रू.नौ करोड चौवालिस लाख तेह्र हजार उन्नाइस मात्र ) ।

## निर्णय नं.२०

चालु आ.व. ०७५/०७६ को योजना तथा कार्यक्रमहरुको भुक्तानी पश्चात आगामी आ.व. मा अ.ल्या हुने गरी अनुमान गरिएको रकमभन्दा बढी रकम अ.ल्या.हुन गएमा सो रकमलाई समपुरक कोषमा विनियोजन गर्ने गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.२१

कीर्तिपुर नगरपालिकामा विगत लामोसमय देखि कार्यरत कर्मचारीहरु बढुवा तथा बृत्ति विकासको अवसरबाट बन्चित हुनु परेकोले प्रचलित कानून बमोजिम बृत्ति विकासको लागि आवश्यक पहल गर्न र प्रक्रिया अगाडि बढाउनका लागि आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.२२

स्थानीयसरकार संचालन ऐन, २०७४ को दफा ६८, प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन ऐन २०७४ को दफा १४ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ८.१ मा भएको व्यवस्थानुसार स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि र पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने प्रावधान भएकाले तोकिएको क्षेत्र, अवधी र सीमाभित्र रही आन्तरिक ऋण लिने प्रकृया अगाडि बढाउनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.२३

नगरपालिकाबाट तोकिएबमोजिम स्थापना भएका र पछि स्थापना हुने कोषहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न तथा आवश्यकताअनुसार कार्यविधि तथा मापदण्ड समेत बनाई ती कोषबाट आम्दानी समेत हुने गरी कोषहरुको व्यवस्थापन तथा संचालनका लागि आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२४</u>**

यस कीर्तिपुर नगरपालिका र वडाहरुमा बस्ने नियमित बैठकहरु कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाको दिनमा बस्नुपर्ने भएमा त्यस्तो बैठकमा उपस्थित सदस्य तथा पदाधिकारीहरुलाई वडाको हकमा प्रतिमहिना २ बैठकका दरले प्रति बैठक रु. १०००/-, कार्यपालिका बैठकको हकमा प्रति बैठक रु. १५००/-, अनुगमन समिति प्रति वैठक रू.१०००/- , न्यायिक समितिको वैठक प्रति महिना वढीमा ३ बैठकको प्रति बैठक रु. १०००/- तथा अन्य समितिको वढिमा मासिक १ बैठकको प्रति वैठक रु. १०००/- का दरले उपलब्ध गराउनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२५</u>**

नगर सभाको वैठक बस्दा प्रति वैठक प्रति सदस्य रू.२०००/- उपलब्ध गराउने र अन्य समितिहरुको हकमा नगर प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत संयोजक वा अध्यक्ष हुने गरी गठन गरिएका र गरिने वैठक बस्दा प्रति वैठक प्रति व्यक्ति रू.१५००/- तथा अन्य कर्मचारी र पदाधिकारी अध्यक्ष वा संयोजक रहने वैठकको प्रति वैठक प्रति व्यक्ति रू.१०००/- का दरले वैठक भत्ता उपलब्ध गराउने निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२६</u>**

यस कीर्तिपुर नगरपालिकाको सीमान क्षेत्रको भूगोल र सीमानमा केही अन्यौल र अस्पष्टता देखिएकोले आवश्यक प्रकृयाका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२७</u>**

नगरकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाको सहजीकरणमा पुर्ण खोपयुक्त नगरपालिका सुनिश्चितता तथा दिगोपनाका लागि सुक्ष्म योजनाको अध्यावधिक गर्न अभिमुखिकरण तथा छलफल गरियो ।

# बैठक नं. ४८

आज मिति २०७६ असार ९ गते सोमबार दिउँसो ३ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक,वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमकोउपस्थितिभयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |

निर्णय नं.१

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आ.व २०७६/०७७ को लागि सिफारिसका साथ पेश भई आएको तपशिल बमोजिमको नीति तथा कार्यक्रमलाई स्वीकृतिका लागि सम्मानित नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

नगरसभाका सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु ,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आधारस्तम्भको रुपमा रहको संघ, प्रदेश र स्थानीय तीनै तहका सरकार अहिले गणतन्त्रको संस्थागत विकासको चरणमा पुगेका छन् । संविधान बमोजिम आधारभूत सरकारको रुपमा रहेको कीर्तिपुर नगरपालिकाको पाँचौ नगर सभाको यस गरीमामय सभामा उपस्थित सम्पूर्ण नगर सभासदज्यूहरूमा कीर्तिपुर नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक न्यानो स्वागत एवं अभिवादन ब्यक्त गर्दछु ।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति दिई सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू लगायत कीर्तिपुरका चार जना सहिदहरू राजमान माली ,राजेन्द्र महर्जन, हिराकाजी महर्जन र लनबहादुर महर्जनहरूप्रति भावपूर्ण रुपमा हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

कीर्तिपुर नगरपालिकाले आम नगरवासीहरुको सर्वोपरि हित तथा नगरपालिकाको समग्र विकासका लागि आफ्नो पहिलो नगर सभावाट विभिन्न नीति, कार्यक्रम तथा वजेट विनियोजन गरी गत स्थानीय निर्वाचनमा नगरवासीहरुसामु जाहेर गरेको प्रतिवद्धताअनुसार समृद्ध कीर्तिपुर नगर निर्माणमा आफूलाई समर्पित गर्दै आइरहेको छ । विगतका उपलव्धिहरुको रक्षा गर्दै, काम गर्ने दौरानमा देखिएका समस्याहरुबाट पाठ सिक्दै कीर्तिपुरको विशिष्ट महत्व र परिचयलाई मध्यनजर राखी आगामी दिनमा आम कीर्तिपुरवासीको समृद्धिको आकांक्षालाई पूरा गर्न यो नगर सभाले ठोस र प्रभावकारी दिशानिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु । यही क्रममा ऐतिहासिक र सांस्कृतिक विरासत बोकेको यस सुन्दर सहरले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने संवैधानिक लक्ष्य अनुरुप सहभागिता, पारदर्शिता र जवाफदेहिता जस्ता बजेटका आधारभूत सिद्धान्तलाई समेत अबलम्बन गर्दै आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित हुनुका साथै हर्षित भएको छु ।

जनताको अपेक्षाहरुलाई प्राथमिकतामा राखी उपलब्ध सीमित श्रोतसाधनलाई अधिकतम सदुपयोग गर्ने लक्ष्य यो नीति तथा कार्यक्रमले राखेको छ ।संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रममा कीर्तिपुर नगरपालिका क्षेत्रको विकाससँग सम्वन्धित रहेर उल्लेखित भएका नीति तथा कार्यक्रम यो नगर सभाको नीति तथा कार्यक्रमको अभिन्न अंगको रुपमा लिईएको छ ।

कीर्तिपुर नगरलाई " समृद्ध, व्यवस्थित तथा सुन्दर सहर " बनाउने अभिभारा हाम्रो काँधमा आएको र सो जिम्मेवारीलाई सफलताका साथ पूरा गर्न यस नीति तथा कार्यक्रमले पक्कै पनि ठोस योगदान दिनेछ भन्ने अपेक्षा राखीएको छ । अब म बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भई नगरकार्यपालिकामा वृहत छलफल पश्चात आवश्यक परिमार्जन सहित यस सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्ने निर्णयानुसार आजको यस गरीमामय नगरसभामा आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि यस कीर्तिपुर नगरपालिकाको नीति तथा कार्यक्रम वुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

<u>वार्षिक नीति, कार्यक्रम तयार गर्दा लिईएका आधारहरुः</u>

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु,
- मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगीकार गरेको पन्ध्रौं आवधिक योजनाको आधारपत्रले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- संघीय सरकार तथा प्रदेश सरकारले अंगीकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४का विभिन्न प्रावधानहरु,
- दिगो विकासका लक्ष्यहरु,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- सरोकारवालाहरुबाट प्राप्त राय /सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त योजना तथा सुझावहरु,
- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४,का विभिन्न प्रावधानहरु,
- स्थानीय राजश्व परामर्श समिति, बजेट सीमा निर्धारण तथा स्रोत अनुमान समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु,
- लेखा परीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरु,
- कीर्तिपुरका मौलिक पहिचान तथा विशेषताहरु आदि।

<u>मुख्य नीतिहरु</u>

- नगरको पहिचानका रुपमा रहेका र नगरको समग्र विकाससँग जोडिएका नगर गौरवका आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको आफ्नो स्रोतले मात्र सम्पन्न हुन नसक्ने प्राथमिकता प्राप्त आयोजनाहरुको संचालनका लागि संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति र दातृ निकायहरुसँग साझेदारी गर्नका लागि समपूरक कोषमा प्रयाप्त बजेट विनियोजन गरिनेछ ।
- विकासमा आम जनताको सहभागिता सुनिश्चित गर्नका लागि ५०% भन्दा बढी लागत सहभागितामा आयोजना संचालन गर्न प्राथमिकता दिई सोका लागि साझेदारी रकम विनियोजन गरिने छ ।
- नगरपालिकाबाट सञ्चालन भै सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।
- विकासलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि टुक्रे योजना छनौट हुने प्रबृत्तिको अन्त्य गर्दै पूर्वाधार तर्फका योजना रु. ५ लाख भन्दा साना नहुने गरी बजेट विनियोजन गरिनेछ ।
- पूर्वाधार विकासको क्षेत्र बाहेकका अन्य लक्षित कार्यक्रम, क्षमता विकास कार्यक्रम एवं अन्य प्रर्वद्धनात्मक कार्यक्रमहरुको प्रभावकारिता वृद्धिका लागि सबै वडाहरुमा एकरुपता आउने गरी कार्यान्वयन गरिनेछ ।
- कीर्तिपुर नगर क्षेत्रका मुख्य-मुख्य क्षेत्र, बजार,चोक, लगायतका स्थानमा सि.सि.क्यामेरा जडान गरिनेछ र मुख्य मुख्यसडकहरुमा सडकबत्ती जडान गरिनेछ ।
- कीर्तिपुर नगरपालिकाको नगर प्रोफाइल तयार गरिनेछ ।
- कीर्तिपुर नगरपालिकाको आवधिक योजना अद्यावधिक गरिनेछ ।

- कीर्तिपुर नगरपालिका भित्रका घरहरुलाई भौगोलिक सूचना प्रणाली (GIS)का माध्यामबाट घर नम्बरिङ्ग गरिनेछ ।
- दीर्घकालीन एकीकृत शहरी विकास योजना तर्जुमा गरिनेछ ।
- कीर्तिपुर नगरपालिका स्थायी ठेगाना भई विभिन्न विधामा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्ने व्यक्तित्वहरुलाई नगरपालिकाको तर्फबाट सम्मान गरिनेछ ।
- लैगिक हिंसा विरुद्धको अभियान कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनताबीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउन जनतासँग नगरप्रमुख र उप–प्रमुख कार्यक्रम संचालन गरिनेछ।

## १. आर्थिक विकास

### क) कृषि तथा पशुपंक्षी विकास

- कृषि प्रणालीमा आधुनिकीकरण ल्याउनुको साथै फलफूल र तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।
- कृषिका कार्यक्रमहरु कृषक समूह वा सहकारी मार्फत कृषकको माझमा लगिनेछ ।
- महिला कृषक समूहहरुमार्फत र बीउ विजन उत्पादनको कार्यक्रम ल्याई विउ विजन आपूर्ति गरिनेछ ।
- उत्पादकत्व वृद्धि गर्न पशुहरुमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा उपचारसेवालाई सञ्चालन तथा प्रवर्द्धन गरिनेछ ।
- पशुहरुका लागि खोप केन्द्र स्थापना, पशुपंक्षी बधशाला, कृत्रिम गर्भाधान केन्द्र स्थापना, पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गर्दै लक्षित समूह पहिचान गरी पशुपंक्षी सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- नीतिगत रुपमा पशुपंक्षी फर्म दर्ता, समूह समिति दर्ता, अद्यावधिक तथा सञ्चालन गरी पशु विकास कार्यलाई थप सशक्त गर्दै लगिनेछ ।
- कृषिजन्य उत्पादनको विक्रि वितरणका लागि टाउन प्लानिङ्मा कृषि बजारको व्यवस्थापन गरिनेछ ।
- कृषि जमीनको पहिचान गरी कृषि पकेट क्षेत्रको विकासका लागि योजना ल्याइनेछ ।
- कृषिमा बढ्दो विषादिको प्रयोगलाई न्यून गराउन पहल गरिनेछ ।
- सामुदायिक चौपाया र कुकुरको व्यवस्थापनका लागि कार्यक्रम ल्याईनेछ ।

### ख) उद्योग तथा वाणिज्य तथा आयआर्जन र रोजगारी सम्वन्धी नीति

क. लघु उद्यमीहरुलाई प्राथमिकता दिई सीपमुलक तालिम लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख. उद्यमीहरुको पहिचान गरी समूहमा उत्पादन गर्न चाहने उद्यमीहरुलाई बिउपूँजीमा सहयोग गर्ने कार्यक्रम ल्याइनेछ।

ग. महिला तथा लक्षित वर्ग उन्मुख सहकारी संस्थाहरुको स्थापना र संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम गरिनेछ।

घ. नागरिकहरुको आयआर्जन र रोजगारी वृद्विका लागि लागत साझेदारी हुने गरी मागमा आधारित सीपमूलक  तालिम, उत्पादन प्रर्वद्धन, क्षमता विकास र प्रविधि हस्तान्तरणको कार्यक्रम संचालन गरिनेछ।

ङ. नगरपालिकामा सिप विकासका लागि तालिम केन्द्र समेत संचालन गरिनेछ ।

च. उत्पादित वस्तुको बजारीकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

छ. उद्योग वाणिज्य लगायतका नीजि व्यवसायिक क्षेत्रहरुसँग सहकार्य गरी विभिन्न रोजगार मुलक कार्यक्रमहरु गरिनेछ ।

ग) पर्यटन

क. कीर्तिपुर नगरको पर्यटकीय एकिकृत गुरुयोजना तयार भैसकेको अवस्थामा सोको आधारमा खासखास क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन(DPR )तयार गरी विभिन्न पर्यटन विकास परियोजना सञ्चालन गरिनेछ ।

ख. पर्यटनलाई जनताको आर्थिक क्रियाकलापसँग एकाकार गर्न पर्यटनका आधारहरु स्थानीय पथ प्रदर्शक तालिम, तथा होमस्टे व्यवसायलाई महत्त्व दिइनेछ ।

ग. पर्यटन प्रवर्द्धनसँग सम्बन्धित उद्योग, होटेल तथा अन्य व्यवसायको स्थापना र सञ्चालनमा कर तथा अन्य शुल्कमा छुटको समेत व्यवस्था गरीनेछ ।

घ. पर्यटन क्षेत्रको समग्र विकासका लागि स्थानीय जनसमुदाय र निजी क्षेत्रको समेत सहभागिता र  समन्वयात्मक भूमिकालाई जोड दिईनेछ ।

ङ. पर्यटकीय स्थल तथा पर्यटकीय सम्पदाको संरक्षण गरी पर्यटकीय पूर्वाधारको विकासमा जोड दिईनेछ

च. कीर्तिपुर नगर क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको प्रचार प्रसारलाई प्राथमिकतामा राखिनेछ ।

छ. बाह्य तथा आन्तरिक पर्यटकलाई मध्यनजर गर्दै पर्यटन सूचना तथा सेवा केन्द्र भवन निर्माण कार्य शुरु गरिनेछ ।

ज. यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरुको प्राचीनकाल देखि चल्दै आएको मौलिक संस्कृति (भाषा, भेषभुषा, चाडपर्व) लाई संरक्षण एवं प्रवर्द्धन गर्दै लैजाने नीति लिईनेछ ।

झ. पर्यटन प्रवर्द्धनसंग सम्बन्धीत परम्परागत उत्पादनको संरक्षण तथा सम्बर्धनका लागि सहयोगी कार्यक्रम ल्याइनेछ ।

ञ. नगरपालिका आफै वा निजि क्षेत्रसँगको सहकार्यमा अतिथि गृहको निर्माण वा खरिद गरी संचालन गर्न पहल गरिनेछ ।

ट. पर्यटन विकासको लागि आवश्यक जनशक्ति (कुक, वेटर, वेकर, वारटेन्डर, टुरिष्ट गाइड आदि) तयार गर्न तालिमको व्यवस्था गरिनेछ ।

ठ. निमार्णाधीन युद्ध स्मारक पार्कलाई निरन्तरता दिइनेछ ।

ड. नगरक्षेत्रका थप सम्भावित पर्यटकीय स्थलहरुको खोजी, पहिचान र प्रचार प्रसार गरिनेछ ।

ढ. यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि पुष्पलाल पार्क – चम्पादेवी केवलकारको सम्भाव्यता अध्ययन सम्पन्न गरि विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गर्न पहल गरिनेछ ।

ण. कीर्तिपुर नगरपालिकाको सीमाना क्षेत्रका मूल सडकहरुमा कीर्तिपुर नगरपालिकाको पहिचान र चिनारी झल्कने सामग्री (गेट, होर्डिङ बोर्ड, सूचना पाटी आदि) राखिनेछ ।

त. मन्जुश्री पार्क, आदिनाथ पार्कलगायत अन्य पार्कको व्यवस्थापन गरिनेछ ।

**घ) सहकारी**

क) यस नगरपालिका क्षेत्रभित्र स्थापना भई संचालदनमा रहेका र आगामी दिनमा स्थापना भई संचालन हुने सबै किसिमका सहकारीहरुलाई प्रवद्र्धन गर्दै लगिनेछ ।
ख) कृषी सहकारी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
ग) महिला तथा लक्षित वर्ग उन्मुख सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
घ) सहकारी क्षेत्रको अभिलेख व्यवस्थापन, प्रतिवेदन र नियमन कार्यलाई समेत सहज बनाउन कोपोमिस सफ्टवेयर प्रयोगमा ल्याईनेछ ।
ङ) सहकारी संस्थाहरुमा लेखापरीक्षण प्रतिवेदनका आधारमा प्रचलित कानुन बमोजिम कर लगाईनेछ ।
च) सहकारी क्षेत्रको विकास प्रवर्द्धनका लागि तालिम, क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ ।
छ) नियमन तथा अनुगमनमा जोड दिई प्रत्येक वर्ष कम्तीमा २ वटा नमूना सहकारी छनोट गरी नगद पुरस्कारसहित सम्मान गरिनेछ ।

**ङ) राजश्व नीतिः** करको दरभन्दा दायरा बढाउने नीति लिईनेछ । आगामी वर्ष कर असूली वर्षको रुपमा विभिन्न कार्यक्रम ल्याईनेछ ।

- कर, राजश्व संकलनका लागि कर्मचारीहरुलाई स्थलगत रुपमा परिचालन गरिनेछ ।
- राजश्व सम्बन्धी अध्ययन तथा अवलोकन गरी राजश्व वृद्धि र व्यवस्थापनमा जोड दिईनेछ ।
- करदाता शिक्षालाई प्राथमिकता दिईनेछ ।
- बजेट तथा स्रोत परिचालनलाई प्रभावकारी बनाउन संभावित स्रोतको खोजीका लागि अध्ययन गरिनेछ नियमित र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।
- भुकम्प पिडीतलाई नक्शापासमा दिदै आएको छूटलाई यो आ.व.मा पनि निरन्तरता दिइनेछ ।
- आन्तरिक स्रोतको असूलीलाई व्यवस्थित राजश्व व्यवस्थापन कार्यक्रम बनाइनेछ । साथै निम्न ऐन, कार्ययोजना तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।
  - कर तथा गैरकर राजश्व ऐन, २०७६
  - राजश्व सुधार कार्ययोजना, २०७६
  - घरबहाल कर कार्यविधि, २०७६

**च) बजेट तथा स्रोत परिचालन सम्वन्धी नीति**

- थप आय आर्जन हुने क्षेत्र तथा स्रोतको पहिचान गरी व्यवस्थित गर्दै लगिनेछ ।
- कार्यालयको लेखा नेपाल सरकारले तोकेको ढाँचामा व्यवस्थित, वैज्ञानिक र प्रणालीवद्ध बनाउन **SuTRA** सफ्टवेयर सञ्चालन गरी वित्तीय अनुशासन सहितको पारदर्शिता र वित्तिय जवाफदेहिताको नीति अवलम्बन गरिनेछ ।

- केन्द्र,वडा तथा विषयगत शाखाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सञ्चालन, व्यवस्थापन र भुक्तानी प्रणालीमा सहजता र एकरुपता ल्याइनेछ।

## २. सामाजिक विकास

### क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

अ) दलित तथा विपन्न उत्थान कार्यक्रम

- विपन्न, दलित र पिछडिएको वर्गको क्षेत्रमा स्थानीय सिपमा आधारित रोजगारमुलक तालिम संचालन गरिनेछ साथै छुवाछुत मुक्त नगर बनाउन कार्यक्रम ल्याइनेछ।
- तामाङ्ग गाउँ विशेष कार्यक्रम अन्तर्गत आयमूलक, होमस्टे तालिमसंचालनका लागि सहयोग गर्ने कार्यक्रम ल्याइनेछ।

आ) अपांग लक्षित कार्यक्रम

- अपाङ्गता परिचय पत्र वितरण गरिनेछ ।
- अपांगता मैत्री संरचनाहरुको विकास गर्दै लगिनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि खेलकूद सामग्री, विभिन्न पुरक सामग्री तथा रोजगारमूलक तालिमको व्यवस्था गरिनेछ ।
- पक्षघात रोगबाट पिडित ' क ' वर्गको परिचय पत्र (रातो कार्ड) प्राप्त बिरामीलाई मासिक स्याहार भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

इ) बालबालिका लक्षित कार्यक्रमः

- प्रत्येक वडामा बालबालिकाको संजाल बनाई खेलकुद सामग्री वितरण गरिनेछ ।
- बालमैत्री स्थानीय सरकार निर्माणका लागि आधारहरु तय गर्दै जानेछ ।
- प्रत्येक वडामा बाल उद्यानको स्थापना र संचालन गरिनेछ ।
- बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिईनेछ ।

ई) जेष्ठ नागरिक लक्षित कार्यक्रमः

- प्रत्येक वडामा जेष्ठ नागरिक सेवा केन्द्र स्थापना गर्ने लक्ष्य लिइनेछ ।
- पहिलो नगरसभाले निर्दिष्ट गरेका उच्च रक्तचाप र मधुमेहका बिरामीहरुलाई औषधी वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

उ) महिला लक्षित रोजगार कार्यक्रमः

- महिला उद्यमीहरुलाई संगठित गरी सोही मार्फत तालिम लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

ऊ) युवा लक्षित कार्यक्रमः

- युवा स्वरोजगार तथा प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै उद्यमशील, सृजनशील युवा नेतृत्व विकास कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षित युवाहरुलाई लक्षित गरी लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ।
- युवाहरुको ज्ञान, सीप र क्षमताको उपयोग गरिनेछ ।

ए) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ र गै.स.स हरुको कामको नियमित अनुगमन र नियमन गरिनेछ ।

ऐ) यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण र क्षमता अभिवृद्धि तथा रोजगारमुलक कार्यक्रममा जोड दिईनेछ ।

**ख) शिक्षा**

क. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तरमा अभिवृद्धि गर्न मा.वि. तहका सबै विद्यालयमा ई-लाइब्रेरी संचालनमा ल्याइनेछ । साथै, स्वयमसेवी शिक्षकलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ ।

ख. सामुदायिक र सरकारी विद्यालयहरुको स्तरोन्नतिका लागि साधन स्रोतले सम्पन्न बनाइनेछ । साथै सार्वजनिक शैक्षिक गुठिद्वारा सञ्चालित विद्यालय र संस्थागत विद्यालयहरुलाई थप प्रतिस्पर्धी र पारदर्शी बनाउन विशेष योजना अगाडि बढाइनेछ ।

ग. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रकाशन गरिनेछ ।

घ. उच्च शिक्षा अध्ययनका लागि अति विपन्न, दलित वर्ग र समुदायका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको शुरुवात गरिनेछ।

ङ. स्थानीय भाषा र लिपिलाई पठनपाठनमा समावेश गराइनेछ ।

च. प्राविधिक विद्यालय स्थापनालाई प्राथमिकतामा राखिनेछ ।

छ. आवश्यकता अनुसार विद्यालयलाई विलय (मर्ज) गराउने नीति ल्याइनेछ ।

ज. विद्यालयमा अध्ययनरत किशोरीहरुका लागि स्यानिटरी प्याड विद्यालयमा निशुल्क उपलब्ध गराइनेछ ।

झ. सामुदायिक विद्यालयको बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरुलाई पोशाक तथा अन्य सुविधा थप गरिनेछ।

**ग) स्वास्थ्य तथा सरसफाई**

क. चालु आ.व. मा शुरु गरिएको " स्वास्थ्य उपचार बिमा कार्यक्रममा " अधिकतम नगरवासीहरुको पहुँच पुर्‍याउन सहकारीमा आधारित स्वास्थ्य विशेष कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

ख. स्वास्थ्य सेवाको विस्तार गर्न विष्णुदेवी अस्पताललाई उचित ठाउँमा स्थानान्तरण गरिनेछ ।

ग. कीर्तिपुर नगरपालिकाद्वारा प्रवर्द्धित कीर्तिपुर अस्पतालबाट यसै वर्षदेखि डायलासिस सेवा संचालन गरिनेछ ।

घ. ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक सम्पदाको सरसफाई गर्न नगरपालिकाभित्रका संस्थागत,सार्वजानिक शैक्षिक गुठी तथा सामुदायिक विद्यालयको सहभागितामा संचालित “ एक विद्यालय एक सम्पदा सरसफाई कार्यक्रम” लाई थप प्रभावकारी बनाइनेछ।

ङ. स्वच्छ कीर्तिपुर महाअभियान अन्तर्गत प्लाष्टिक झोला प्रयोग न्युनीकरण अभियान तथा पुनः प्रयोगलाई अभियानको रुपमा विविध कार्यक्रम ल्याइनेछ।

च. कीर्तिपुर आँखा अस्पतालसँगको सहकार्यमा विभिन्न कार्यक्रम ल्याइनेछ।

छ. कीर्तिपुरमा स्थायी बसोबास गर्ने महिलाहरु सुत्केरी हुदा आवश्यक परेमा २ पिन्ट रगतका साथै क्याल्सियम चक्की समेत निशुल्क उपलब्ध गराइनेछ ।

ज. विपन्न, असहाय तथा गरीब उपचार सहयोग कार्यक्रम संचालन गरिनेछ ।

झ. नगर क्षेत्रमा रहेका सरकारी, सामूदायिक, गैरसरकारी तथा निजि स्वास्थ्य संस्थासँगको सहकार्यमा आधारभूत तथा विशिष्ट स्वास्थ्य सेवाको विस्तार तथा संजाल पुऱ्याउन पहल गरिनेछ ।

ञ. महिला स्वास्थ्य स्वयमसेवीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

ट. नगरको अव्यवस्थित फोहोरमैला व्यवस्थापनलाई सुदृढ गर्दै लगिनेछ ।

ठ. फोहरमैला व्यवस्थापनका लागि चेतनामूलक, प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गरिनेछ ।

ड. शुद्ध खानेपानीको प्रयोगका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ढ. फोहरमैला व्यवस्थापन गर्न निजी क्षेत्रसंगको साझेदारीमा सेग्रिगेसन सहितको फोहर प्रसोधन केन्द्रको आधुनिकीकरण गरिनेछ।

ण. आयुर्वेद स्वास्थ्य तथा वैकल्पिक स्वास्थ्य उपचार पद्धतिलाई प्राथमिकता दिइने छ ।

त. नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुमा स्यानिटरी प्याडको उचित व्यवस्थापनको लागि प्रवन्ध गरिने छ ।

थ. सार्वजनिक शौचालय व्यवस्थापन नीतिलाई निरन्तरता दिईनेछ ।

द. लागु औषध दुर्व्यसन विरुद्धको अभियानलाई लागु गरिनेछ ।

ध. नसर्ने रोगहरुको न्यूनिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**घ) खेलकूद विकासः**

क) खेलकुदलाई व्यवस्थित गर्न " कीर्तिपुर नगर खेलकुद विकास समिति " मार्फत विभिन्न कार्यक्रम ल्याइनेछ ।

ख) एक वडा एक खेल स्थल अभियानलाई निरन्तरता दिइनेछ ।

ग) विद्यालय तथा नगरस्तरमा विभिन्न खेलकुदका प्रशिक्षण कार्यक्रम सञ्चालन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन गर्ने समेत लक्ष्यसहित " मेयर खेलकुद कार्यक्रम तथा प्रतियोगिता " सञ्चालन गरिनेछ ।

घ) नगर स्तरीय खेलकुद मैदानको निर्माणका लागि पहल गरिनेछ ।

ङ) नगरमा विभिन्न खेल सम्बद्ध संस्थाहरुबाट गरिने खेलकुद प्रतियोगिताहरुलाई सहयोग गरिनेछ ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुसंगको सहकार्यमा खेलकुद कार्यक्रम संचालन गर्ने आन्तरिक तथा बाह्य प्रतियोगिता तथा कार्यक्रममा सहभागी हुन, गर्न गराउन सहयोग गरिनेछ ।

**३. पूर्वाधार विकास कार्यक्रमः**

क) बाटोः वडास्तरीय, नगर स्तरीय, प्रदेश स्तरीय बाटोको वर्गिकरण गरिनेछ । साथै नगरका खास क्षेत्रहरु समेटेर नगर चक्रपथको विकास गरिनेछ । चालु तथा अन्य नगरपालिका जोड्ने सडक योजनाहरुलाई प्राथमिकतामा राखिनेछ ।

- २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा सहादत प्राप्त कीर्तिपुरका ४ जना सहिदहरु राजमान माली, राजेन्द्र महर्जन, हिराकाजी महर्जन र लन बहादुर महर्जनको स्मृतिमा वडा नं. २ र ३ स्थित समल- दिखु पार्क लाई "सहिद राराहिल पार्क" को रुपमा निर्माण र विकास गरिनेछ ।
- नगरका सडकहरु खाल्डा - खुल्डीमुक्त बनाउन अभियान चलाईनेछ ।

- ❖ कीर्तिपुरको महत्त्वपूर्ण बाटोहरूलाई साईड ड्रेन र सडकपेटीसहित विस्तार गरिनेछ ।
- ❖ बल्खु कोरिडोर निर्माण कार्यलाई निरन्तरता दिई दीखुमा पुल निर्माण गरी चन्द्रागिरी नगरपालिका सँगको Road Connectivityबिस्तार गरिनेछ ।

ख) खानेपानीः नगरमा खानेपानी समस्या समाधानका लागि एकिकृत खानेपानी उत्पादन, सुधार तथा वितरण आयोजना संचालन गरिनेछ । मुहान संरक्षण, उत्पादन वृद्धि र गुणस्तरीय खानेपानीलाई जोड दिईनेछ । आवश्यकता अनुसार विभिन्न ठाउँमा डीप बोरिङ् गरी उत्पादनमा वृद्धि गरिनेछ ।

ग) सार्वजनिक जग्गा संरक्षण कार्यक्रमलाई विशेष आयोजनाको रुपमा अगाडी बढाइनेछ ।

घ) नगरपालिकाका मुख्य मुख्य योजनाहरु विस्तृत परियोजना प्रतिवेदन (**DPR**) बनाई कार्यान्वयन गरिनेछ ।

ङ) उपभोक्ता समितिको क्षमता विकासमा जोड दिईनेछ ।

च) योजना कार्यक्रमहरुको निरन्तर अनुगमन र मूल्यांकनमा जोड दिईनेछ ।

छ) विकासमा सार्वजनिक निजी साझेदारी (PPP) लाई समेत अवलम्बन गरिनेछ ।

झ) सडक क्षेत्रको व्यवस्थित विकासका लागि नगरपालिकाको यातायात गुरुयोजना (MTMP) तयार गरी प्राथमिकता प्राप्त सबै सडकहरुको रेखाङ्कन र लगत कट्टाको कार्य प्राथमिकताको साथ संचालन गरिनेछ ।

ञ) दीखु क्षेत्रको बल्खु खोला संरक्षण, ड्याम तथा क्रिडास्थल निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

ट) वडा नं.३ खासिबजार खण्डमा अवस्थित भिं पुखू, मभिं पुखू, लाभा पुखूको पुननिर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

## ४. सुशासन र संस्थागत विकास तथा सेवा प्रवाह

क) न.पाको मूख्य प्रशासकीय भवन निर्माण आगामी आ.व. २०७६/०७७ मा सम्पन्न गरिनेछ ।

ख) यसै आ.व.मा कम्तिमा चारवटा वडा भवनको निर्माण गर्ने लक्ष्य लिईनेछ ।

ग) प्रविधि मैत्री सेवा विस्तार गरिनेछ ।

घ) एक वडा एक प्राविधिकको नीतिलाई अपनाईनेछ ।

ङ) सबै वडामा इन्टरनेट तथा सि.सि.टि.भि.जडान गरिनेछ ।

च) जनप्रतिनिधि तथा कर्मचारीको कार्यक्षमतामा सुधार ल्याउन तालिम, अवलोकन भ्रमण लगायतका कार्यक्रम गरिनेछ ।

छ) नगरपालिकाको संगठन, संरचना, दरबन्दी निर्धारण र कार्य विवरण तयारीका लागि संगठन तथा व्यवस्थापनको (O &M) सर्वे गरी सोही बमोजिम कार्मचारीको व्यवस्थापन गरिनेछ ।

ज) सुशासन कायम गर्न नागरिक वडा पत्र, उजुरी र गुनासो सुनुवाईमार्फत सेवा प्रवाहमा निरन्तर सुधार ल्याइनेछ ।

झ) नगरपालिका केन्द्र र वडा स्तरमा मापदण्डका आधारमा संस्थागत पूर्वाधारको व्यवस्था गरिनेछ ।

ञ) न.पाका गतिविधिहरुको संगालोका रुपमा पाक्षिक बुलेटिन प्रकाशन गरिनेछ ।

ट) वित्तीय अनुशासन र पारदर्शिता कायम गर्ने प्रतिबद्धतासहित लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको पालना गरिनेछ ।

ठ) बेरुजु न्यूनीकरणका तथा फछ्र्यौटका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

ड) वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालय परिसरलाई Free Wifi Zone बनाईनेछ ।

ढ) सेवा प्रवाहलाई प्रभावकारी बनाउन न.पा.को संगठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि गर्न वृत्ति विकासको अवसर प्रदान गरिनेछ ।

ण) पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

त) न्याय सम्पादनलाई प्रभावकारी बनाउन न्यायिक समिति व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

थ) प्रभावकारी सेवा प्रवाह, क्षमता विकास र संघीयताको प्रभावकारी कार्यान्वयनका लागि अन्तर निकाय समन्वयमा जोड दिईनेछ ।

द) न.पा.बाट संचालित विभिन्न योजना कार्यक्रम र सेवा प्रवाहमा निरन्तर सुधार ल्याउन वडा स्तरमा अर्धवार्षिक र नगर स्तरमा अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

ध) स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्ने नीति लिईनेछ ।

न) सर्वसाधारण जनताको पहुँचमा वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउदै कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

प) न.पा.को स्वामित्वमा रहेका, भोगचलन तथा संरक्षरणमा रहेका भवन, जग्गा जमिन र प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

फ) राज्यले प्राथमिकता दिएको सहभागिता र समावेशी नीतिलाई प्राथमिकताका साथ पालना गर्ने नीति लिईनेछ ।

ब) सेवा प्रवाहलाई प्रभावकारी बनाउन न.पा.को संगठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि गर्न वृत्ति विकासको अवसर प्रदान गरिनेछ ।

भ) नगरपालिकाको काम कार्वाहीमा पारदर्शिताका लागि नियमित पत्रकार भेटघाट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।साथै पत्रपत्रिका, वेभसाइट, सूचना तथा रेडियोबाट प्रकाशन/प्रसारण गरी नगरवासीलाई सुसुचित गरिनेछ । स्थानीय पत्रिका तथा प्रकाशनलाई बढावा दिइनेछ ।

म) वडा समितिको कार्यालयको कार्य कुशलता र क्षमतामा प्रभावकारीता ल्याउन वडा समितिहरुलाई साधनस्रोत सम्पन्न गराउदै लगिनेछ ।

य) विभिन्न शहरहरुसंग पारस्परिक सहयोग, अनुभव आदान प्रदान गर्न भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।

र) भ्रष्टाचारमुक्त नगरकार्यपालिका बनाउन शुन्य सहनशिलताको नीति लिईनेछ ।

ल) यस नगरपालिकाको नक्सा पास प्रकृयालाई थप सहज, सरल र प्रभावकारी बनाउनका लागि कार्यान्वयनमा रहेको " कीर्तिपुर नगरपालिका विद्युतिय नक्सा पास कार्यान्वयन आयोजना ( KMEBPSIP) लाई निरन्तरता दिईनेछ ।

व) सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

श)राजश्व व्यवस्थापन MDVS कार्यक्रम अन्तर्गत रहेका सामाजिक परिचालिकाहरुलाई निरन्तरता दिईनेछ ।

ष) विद्युतिय हाजिरीलाई वडासम्म विस्तार गरिनेछ ।

**ग) मानव संसाधन विकास तथा व्यवस्थापन**

क) यस नगरपालिका, वडा कार्यालय र अन्य विषयगत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसारको क्षमता विकास तालिमको आयोजना गर्दै लगिनेछ ।

ख) कर्मचारीहरुको कार्यसम्पादन अभिवृद्धि गरी उच्च मनोवलका साथ कामप्रति समर्पित गराउन कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई अवलम्वन गर्ने नीति लिईनेछ ।

ग) नगरपालिकाको कामको बढ्दो चाप र आमसेवाग्राही नगरवासीहरुको आग्रहलाई समेत ध्यानमा राखी अनुगमन, फोहोरमैला व्यवस्थापन, नक्सापास, राजश्व संकलन, सार्वजनिक सम्पत्ती संरक्षणलाई परियोजनाको रुपमा विकास गरी आवश्यकता अनुसार करारमा कर्मचारी नियुक्त गरेर नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

घ) वडा र नगर स्तरीय सेवाप्रवाहको प्रभावकारी नियमनको लागि अनुगमन समितिलाई थप क्रियाशील बनाइनेछ।

ङ) समयानुकूल ढंगले कर्मचारीको वृत्ति विकास, सरुवा तथा बढुवा लगायत जिम्मेवारीमा हेरफेर गरी कार्यसम्पादनमा चुस्तता ल्याइनेछ ।

च) नगरपालिकाद्वारा गठित कार्यपालिकाका सदस्यहरु संयोजक रहेको विषयगत समितिहरुको क्षमता विकास गरी स्रोत साधनयुक्त बनाउदै नगरपालिकाको विद्यमान सांगठनिक संरचनामा आवश्यकता अनुसार परिमार्जन गरी विषयगत समितिहरुलाई नगरपालिकाको दैनिक काममा समेत सहभागी गराइनेछ ।

**घ) सूचना प्रविधि मैत्री कार्यसम्पादन प्रणालीः**

क. नगरपालिका क्षेत्रभित्रको संवेदनशील स्थानहरुमा सि.सि.टि.भि राखिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ख. IT पार्कको स्थापना गरिनेछ।

ग. नगरपालिकालाई सूचनामैत्री नगरको रुपमा विकास गरिनेछ।

घ. सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुलाई नगरपालिकाको आधिकारिक ईमेल ID वितरण गरिनेछ ।

ङ. सूचना मैत्री प्रविधिको प्रयोग गरी सेवालाई छिटो र छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति लिइनेछ।

**५. वन वातावरण तथा विपद र पूननिर्माण कार्यक्रमः**

**क) वृक्षारोपण**

अ) यस नगरपालिका क्षेत्रभित्र खाली रहेका सरकारी, पर्ती, ऐलानी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरु वृक्षारोपण गर्ने नीति लिईनेछ ।

आ) शहरी सडकका दायाँ बायाँ तथा बीच भागमा वृक्षारोपन गरी हरित शहर तथा हरित नगरपालिका वनाउने नीति लिईनेछ ।

इ) नयाँ घर निर्माणका लागि नक्सा बनाउँदा कम्तिमा दुईवटा फलफुल वा उपयुक्त विरुवा रोप्नु पर्ने नीति लिईनेछ ।

ई) नगरका सामूदायिक वनलाई प्रवर्द्धन गरि पर्यापर्यटनलाई अगाडि बढाइ वन, वातावरण र रोजगारलाई संगसंगै अगाडी बढाइनेछ ।

**ख) भू संरक्षण:**

क) यस नगरपालिका क्षेत्रभित्र बाह्रै महिना पानी बग्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरुको पहिचान संरक्षण गरी जलाधार क्षेत्रमा हुने भुक्षय तथा वातावरण प्रदुषणलाई न्यूनिकरण गर्न वायो इञ्जिनियरिङ सहितको जलाधार संरक्षण गरी ठूला/साना जलाधार क्षेत्रको संरक्षण संवर्द्धन गरिनेछ ।

ख) दुधपोखरी, सिम, नौमुले, राउटे भीर, सिम्ले खोला, बोसन खोला लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध तथा चेकडयाम निर्माण, वृक्षारोपण लगायतका कार्यक्रम संचालन गरिनेछ।

ग) जल उत्पन्न प्रकोप नियन्त्रणका लागि भवन एवं अन्य पूर्वाधार निर्माणका क्रममा खोला एवं पूर्वाधार निर्माण सम्वन्धी स्वीकृत मापदण्ड कडाईका साथ लागु गरिनेछ ।

घ) बाग्मती नदी सरसफाई तथा संरक्षण कार्यक्रम र करीडोर निर्माणलाई निरन्तरता दिइनेछ ।

ङ) पानीको उत्पादन वृद्धिका लागि खानेपानी मुहान क्षेत्रका जंगलमा गह्वा सुधार कार्यक्रम ल्याईनेछ ।

**ग) पुनर्निमाण:**

क) भूकम्पले क्षतिग्रस्त पाटी, पौवा,मठ, मन्दिर लगायतका सम्पदाहरूको पुनर्निर्माणलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

ख) २०७२ सालको भूकम्पले घर भत्केका र हालसम्म पनि टहरामा रहिरहेका अति विपन्न नगरवासीहरूको घर निर्माण र पुननिर्माणका लागि सहयोगका कार्यक्रम ल्याइनेछ ।

ग) क्षतिग्रस्त घर विभिन्न कारणले भत्काउन नसकिरहेका विपन्न घरधनीहरुका लागि सहयोगका कार्यक्रम ल्याईनेछ ।

**घ) विपद व्यवस्थापन नीतिः**

क) नगरपालिका विपद्को जोखिम न्यूनिकरण गर्न पूजिगत बजेटको कम्तिमा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।

ख) गर्मी एवं वर्षा मौसममा आउनसक्ने विपद्हरु (आगोलागी, बाढीपहिरो, चटयाङ, झाडापखाला) को न्यूनिकरणको लागी जनचेतना अभिवृद्धि गर्ने र त्यस्ता प्राकृतिक प्रकोपबाट बच्नको लागी स्थानीय जनताहरुको संलग्नतामा विभिन्न प्राकृतिक प्रकोप न्यूनिकरण कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

ग) नगर क्षेत्रभित्र आवश्यक एम्वुलेन्स, शव वाहन, दमकल लगायतका साधनहरुको सहज पहुँच लागि आवश्यकता अनुसार निजि तथा अन्य संस्थागत क्षेत्रसंग सहकार्य गर्ने नीति लिईनेछ ।

घ) वडास्तरिय विपद व्यवस्थापन समितिलाई थप क्रियाशिल वनाइ विपद पूर्वतयारी कार्यलाई व्यवस्थित गरिनेछ ।

ङ) भूकम्प प्रतिरोधात्मक संरचना निर्माणका लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

च) प्रकोप व्यवस्थापन गर्न नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने र रेडक्रस, सुरक्षा निकाय र अस्पतालसंग Rapid Response Team (RRT) बनाई सहकार्य गर्ने नीति लिईनेछ ।

छ) आगलागि, भूकम्प, झाडापखाला, महामारी, चटयाङ, आदिको संभावना, जोखिम र यसको न्यूनिकरण तर्फ जनचेतना वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ज) नगर स्तरिय विपद् व्यवस्थापन पुर्व तयारी, तथा प्रतिकार्य योजना वनाई लागु गरिनेछ ।

झ) विपद् व्यवस्थापनका लागि स्रोत साधन जुटाउनका यथोचित पहल गरिनेछ ।

ञ) विपद व्यवस्थापनका लागि सरोकारवाला निकायहरुसँग नियमित समन्वय गर्ने र नगर स्तरीय र वडा स्तरीयविपद व्यवस्थापन समितिको क्षमता विकास गरी क्रियाशिलता बढाईने छ ।

**६. जग्गा एकीकरण कार्यक्रम (Land Pooling)**

सल्यानस्थानलाई केन्द्रमानेर संचालित जग्गा एकीकरण कार्यक्रमलाई आयोजनाको रुपमा विकास गरी अगाडी बढाईनेछ ।काममा चुस्तता र पारदर्शी बनाउन सो क्षेत्रलाई विभिन्न खण्डखण्डमा उपसमिति मार्फत कार्यान्वयन गर्ने नीति लिईनेछ ।

**७. संस्कृति तथा सम्पदा तथा भाषा लिपि संरक्षण कार्यक्रम:**

क. परापूर्वकालदेखि चलिआएको बाजागाजा, संस्कृति तथा जात्रापर्वको संवर्द्धन र प्रवर्द्धन गर्न बाजागाजा तथा जात्रापर्व व्यवस्थापन उप-समिति गठन गरी विविध कार्यक्रम ल्याइनेछ ।

ख. यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरुको प्राचीनकाल देखी चल्दै आएको मौलिक संस्कृति (भेषभुषा, चाडपर्व) लाई संरक्षण एवं प्रवद्धन गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

ग. कला र संस्कृतिको संरक्षण र संवर्द्धनकालागि पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ ।

घ. जाति, जनजाति लगायतका समुदायहरुको सांस्कृतिक संरक्षण गर्न आवश्यकता अनुसार संग्रहालयहरुको निर्माणमा सहयोग गर्दै लगिनेछ ।

ङ. स्थानीय भाषा, संस्कृति र लिपि विकासका लागि कार्यक्रम ल्याइनेछ ।

च. २०७४ जेठ ८ पछि परम्परागत शैलीमा नगरको सम्पदा बस्तीमा बनेका घरहरुका लागि निर्देशिका बनाई अनुदान दिईनेछ ।

छ. दाफा, बाजागाजा, जात्रा, अभिलेख, मठमन्दीर लगायत साँस्कृतिक एवं ऐतिहासिक खोज तथा अनुसन्धान तथा प्रकाशन कार्यक्रम ल्याइनेछ ।

८.सार्वजनिक जग्गा/भवन/सत्तल/पाटी–पौवा/दह/पोखरीको सञ्चालन र व्यवस्थापनः

सार्वजनिक जग्गा, भवन, सत्तल, पाटी-पौवा, दह, पोखरी, पार्क र मठमन्दिरको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्नका लागि स्थानीय सरोकारवाला व्यक्ति र निकायको समेत सहयोग र सहभागितामा नगरपालिकाबाट सम्वन्धित ठाँउरक्षेत्रको समुचित विकासका लागि प्रभावकारी संयन्त्र निर्माण गरी ती सार्वजनिक जग्गा, भवन, सत्तल, पाटी-पौवा, दह, पोखरी, पार्क र मठमन्दिरको सञ्चालन र विकास गरिनेछ ।

९.भूमि नीतिः

क. मापदण्ड विपरित जग्गाको खण्डिकरण तथा प्लटिङ्लाई निस्तेज गरिनेछ ।

ख. वडा नं.५ र ८ पाँगाको नापी भै जग्गा धनी प्रमाण पुर्जा वितरण हुन बाकी भएकोमा आगामी आ.व. २०७६/०७७ भित्र लालपुर्जा वितरण गराइनेछ।

ग. यस नगरक्षेत्रभित्रका सवै वडाहरुमा पुनः नापी हुन बाँकी जग्गाहरुको नापी गराईने छ साथै पुनः नापी भएका जग्गाहरुको हाल साविक गर्न पहल गरिनेछ ।

१०. अनुगमन तथा नियमन

विकास साझेदार निकाय, नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारबाट संचालित योजना तथा कार्यक्रमको नियमित अनुगमनका लागि नगर तथा वडा स्तरीय अनुगमन समितिलाई थप जिम्मेवारीका साथ बजेटको व्यवस्था गरिनेछ।

अन्त्यमा, यो नीति सम्मानित नगरसभामा आवश्यक छलफल, सुझाव र परमार्जनसहित स्वीकृतिका लागि पेश गरिएकाले रचनात्मक सल्लाह, सुझाव र परिमार्जनका लागि अनुरोध गर्दै हामीलाई निरन्तर सहयोग गर्नुहुने कीर्तिपुर नगरवासीहरू, राजनैतिक दलका प्रतिनिधिहरु , सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रदेश सरकार, नागरिक समाज, सञ्चार जगत, सचेत नागरिक वर्ग, नगरपालिकाका कर्मचारीहरु लगाएत सबै नगर सभासदहरुमा हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु ।

<u>निर्णय नं.</u>२

यस नगरपालिका नगरकार्यपालिकाको स्वास्थ्य शाखाको सहजीकरणमा डेंगु रोग नियन्त्रण सम्बन्धी अभिमुखीकरण, छलफल र अन्तरक्रिया गरियो ।

<u>निर्णय नं.</u>३

यस कीर्तिपुर नगरपालिकाको २३ औं स्थापना दिवसका अवसरमा २०७५ फाल्गुण १६ र १७ गते गर्ने भनिएको **'प्रथम विद्यार्थी महोत्सव २०७५'** को तयारीको अन्तिम समयमा २०७५ फाल्गुण १५ गते तत्कालीन पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्री स्व. रविन्द्र प्रसाद अधिकारी सहित ७ जनाको हेलिकप्टर दुर्घटनामा दुखद् निधन भएकाले उक्त कार्यक्रम हुन नसकेको र सो कार्यका लागि रु. ६,००,०००।- विनियोजन गरी उक्त रकमबाट पेश्की लिई तयारीका क्रममा केही खर्चहरु भई दायित्व

सिर्जना भई सकेकोले विद्यार्थी महोत्सव तयारी समितिका संयोजक र सदस्य सचिवले पेश गरेको विवरण अनुसार बिल भर्पाई बमोजिमको खर्च रकम रु. २,७८,८६६/५० (रु. दुई लाख अठहत्तर हजार आठ सय छैसट्ठी र पैसा पचास मात्र) अनुमोदन गरी उक्त रकम फछ्र्यौट/भुक्तानी गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं.४</u>

की.न.पा वडा नं.४ स्थित पुष्पलाल स्मृति प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट ०७६/२/३ गते रू.२ करोड बजेट प्राप्त भएको र उक्त रकम २०७६/२/१६ मा मात्र निकासा प्राप्त भएको अवस्थामा उक्त निर्माण कार्य ठेक्का मार्फत गर्न समय अभाव हुने हुदाँ चालू आ.व मा उक्त कार्य सम्पन्न गर्नका लागि मिति २०७६/०२/१६ गते नगरप्रमुखस्तरीय निर्णयबाट पुष्पलाल स्मृति प्रतिष्ठानलाई नै उपभोक्ता समिति मानी भएको सम्झौताको अनुमोद न गर्ने निर्णय गरियो ।